संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-२

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*

*बैठक अन्त्य : ३:०१ बजे*

२०७९ पुस २९, शुक्रबार

---

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको दोस्रो बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय जगप्रसाद शर्मा**ले राष्ट्रिय सभाको तेह्रौं अधिवेशन सफलताको कामनाकासाथ निर्वाचन पश्चात् निर्माण भएको सरकारलाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै वर्तमान सरकारले सुशासन कायम गर्न आफ्नो भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले आम निर्वचन, २०७९ पश्चात् गठन भएको सरकारलाई सहयोग गर्ने भावना नेपाली काँग्रेसले अङ्गालेकाले सुशासन कायम गर्न सरकार तथा सबै एकजुट हुनु अहिलेको टड्कारो आवश्यकता भएको व्यहोरा जानकारी गराउनुभयो ।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले निर्वाचन पश्चात् गठन भएको सरकारले आर्थिक उन्नति र विकासका कार्यमा अग्रसर हुन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय जयन्ती देवी राई**ले नवनिर्मित सरकारले संविधान कार्यान्वयन, संघीयता र गणतन्त्र रक्षाको कार्य गर्न माग गर्नुभयो ।

**माननीय बामदेव गौतम**ले वर्तमान प्रधानमन्त्रीलाई प्राप्त विश्वसको मत नेपालको राजनीतिक इतिहासमा अभूतपूर्व घटना भएको उजागर गर्नुहुँदै सरकारले अब उक्त मतको कदर हुने ढङ्गबाट आफ्नो कार्यसम्पादन गर्न अनुरोध गर्नुभयो ।

**माननीय मोहम्मद खालिद**ले एक नेताले अर्को नेतालाई तथा एक पार्टीको कार्यकर्ताले अर्को पार्टीको कार्यकर्तालाई अपमानजनक शब्दले गालिगलौज गर्ने प्रवृत्ति नेपाली राजनीतिमा पाइएकोले यस्तो संस्कृति त्यागेर असल राजनीनिक संस्कार विकासमा सबै राजनीतिक दल एकजुट हुन सबैलाई आग्रह गर्नुभयो ।

**माननीय खिमलाल देवकोटा**ले प्रधानमन्त्री, मन्त्री र सातै प्रदेशमा नियुक्त नवमुख्यमन्त्री सबैलाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै नवगठित सरकारले संघीयताको कार्यान्वयनमा विशेष भूमिका निर्वाह गर्ने विश्वास प्रकट गर्नुभयो । उहाँले बजेटमा व्यवस्था गरिएका प्रावधान कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय शेखर कुमार सिंह**ले नेपालको शिक्षा क्षेत्र र स्वास्थ्य क्षेत्रको स्थिति नाजुक रहेकाले यसको पुनर्जागरणका लागि विशेष काम गर्न वर्तमान सरकार समक्ष माग गर्नुभयो ।

**माननीय भगवती न्यौपाने**ले देशको अर्थतन्त्र सबलीकरण गरेर देशमा सुशासन कायम गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय उदय बहादुर बोहोरा**ले वर्तमान सरकारलाई प्राप्त ऐतिहासिक मत अनुरूप नै ऐतिहासिक काम गर्न सरकार अग्रसर हुन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय विमला घिमिरे**ले सरकारले "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्ने किसिमले कार्य गर्न सरकारको ध्यानाकर्षण गराउँनुहुँदै तत्काल सम्बोधन गर्नुपर्ने जनताका मागहरू समयमै पुरा गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय प्रकाश पन्थ**ले वर्तमान सरकारले सुशासनका लागि जाहेर गरेको प्रतिवद्धता कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय गंगा कुमारी बेलवासे**ले वर्तमान सरकारका प्रमुख पुष्पकमल दाहाललाई प्राप्त विश्वासको मत अभूतपूर्व रहेकाले विश्वासको मत प्राप्त भएको दिन माघ २६ लाई राष्ट्रिय एकता दिवसको रूपमा मनाउन सरकार समक्ष माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय खिमलाल देवकोटालाई समितिको म्याद थपको प्रस्ताव सहित **"संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन र सातै प्रदेशका प्रदेशगत प्रतिवेदनहरू"** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनु भएपछि माननीय खिमलाल देवकोटाले सङ्क्षिप्त वक्तव्य सहित वि.सं. २०७९ असोज २७ देखि २०७९ कात्तिक ३ गतेसम्म एक हप्ता समितिको म्याद थपको प्रस्ताव र प्रतिवेदनहरू सभासमक्ष पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय खिमलाल देवकोटाले राख्नु भएको समितिको म्याद थपको प्रस्तावलाई सभाको सहमति जनाइदिनु हुन अनुरोध गर्नुहुँदा उक्त प्रस्तावलाई सभाले सर्वसम्मत रूपमा पारित गर्‍यो।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०७९ साल माघ ५ गते बिहीबार अपराह्न १:०१ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव